# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दार्खा,धादिङ
## वागमती प्रदेश,नेपाल

## विषय : करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मिति:२०७७/११/२५)

यस खनियाबास गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजकको पदपुर्ति र सेवा सुबिधा सम्बन्धि मापदण्ड २०७६ अनुसार स्थानिय तहको अधिकृत स्तर छैठौं सरहको रोजगार संयोजक पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपालि नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगतै कार्यलय खुलेको दिन) राजश्व तिरेको नगदी रसिद वा यस कार्यालयको बैंक अफ काठमाण्डौं, खनियाबास शाखामा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं ०१८६०००००६१५२४ मा रकम दाखिला गरेको बैंक भौचर सहित दरखास्त दिनु हुन सम्बन्धित सैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं | पद | तह | संख्या | रिक्त स्थान |
|---|---|---|---|---|
| ६/०७७/०७८ | रोजगार संयोजक | अधिकृत स्तर छैठौं | एक | रोजगार सेवा केन्द्र, खनियाबास गाउँपालिका |

**१.न्युनतम योग्यता :**
**(क)** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उर्त्तिण गरको।
**(ख)** अनुभव र सिप : कम्तीमा ३ महिने आधारभुत कम्प्युटर सिप भएको।
**(ग)** उमेर हद : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
**(घ)** भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरीने गरि कुनै कार्वाही नभएको।
**(ङ)** नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको।

**२.आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको छायाँप्रति :
**(क)** नेपाली नागरिकता प्रमाणपत्र
**(ख)** न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र
**(ग)** चारित्रिक प्रमाणपत्र
**(घ)** कम्प्युटर सम्बन्धि आधारभुत सिप प्रमाणपत्र
**(ङ)** अनुभव खुल्ने कागजात र हालसालै खिचेको २ प्रति फोटो

**३.छनौटको किसिम :** प्रारम्भिक योग्यताको सुची प्रकाशन, लिखित परिक्षा, कम्प्युटर सीप परिक्षण र अन्तरवार्ता
**४.सेवा सुविधा :** रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड २०७६ मा उल्लेख भए बमोजिम
**५.कार्य अवधि :** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
**६.दरखास्त फारम दस्तुर :** रु १०००।-
**७.आवेदन दिनुपर्ने अन्तिम मिति :** २०७७/१२/१० सम्म
**८.आवेदन फारम पाइने स्थान :** खनियाबास गाउँपालिकाको कार्यालय वा www.khaniyabasmun.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।
**९.आवेदन बुझाउनु पर्ने स्थान :** खनियाबास गाउँपालिकाको कार्यलय, प्रशासन शाखा।
**१०.परीक्षाको मिति :** योग्य ठहरीएको आवेदकहरु मध्येबाट प्रारम्भिक योग्यता क्रमको आधारमा मिति तोकि लिखित परिक्षा तथा कम्प्युटर सीप परिक्षण र अन्तरवार्ता हुने मितिको सूचना प्रकाशन गरिने छ।

**नोट : उम्मेद्धारले आवेदन दिँदा रोजगार संयोजकको पदपुर्ति र सेवासुविधा सम्बन्धि मापदण्ड २०७६ को अनुसुची-१ बमोजिम हुनु पर्नेछ, साथै लिखित परिक्षामा अनुतीर्ण परीक्षार्थीलाई सीप परीक्षण तथा अन्तरवार्तामा समाबेश गरिने छैन।**

**प्रमुख प्रशासकीय अधिकृत**

## महिला दिवसमा हुने औपचारिक कार्यक्रमको सान्दर्भिकता !

हरेक मार्च ८ तारिखका दिन महिला दिवस मनाइन्छ। दिवसका अवसरमा देशभर ऱ्याली, अन्तरक्रियासहित विभिन्न कार्यक्रम आयोजना हुने गर्छन्। विशेषगरी जिल्ला सदरमुकाम, पालिका केन्द्र तथा सहर केन्द्रित कार्यक्रम हुन्छन् जहाँ त्यहाँ रहेका कार्यालय प्रमुख, अगुवा समाजसेवी र महिला अधिकारकर्मीको उपस्थिति देख्न पाइन्छ।

कार्यक्रममा महिला समानताका आवाज उठाउने सबैको प्रतिनिधित्व रहन्छ र भाषणमा महिला समानता कायम गरौँ, लैङ्गिक हिंसा अन्त्य गरौँ जस्ता नारा लगाइन्छ, जुन दूरदराजका पीडित महिलाको कानसम्म कमैमात्र पुग्ने गरेको छ। जिल्लाको सदरमुकाम र मुख्य सहरमा महिला मुक्तिका नारा लगाउँदै गर्दा दूरदराजका महिलाको अवस्था भने अझै उस्तै छ।

उनीहरू घरेलु हिंसा, बालविवाह, बहुविवाह, सामाजिक रूढिवादी, बोक्सीको आरोप, अपहेलना, दाइजो प्रथा, जबरजस्ती करणीजस्ता हिंसाको चपेटामा छन्। सहरका नारी महिला अधिकार र समानताका कुरा गर्दै हिँड्छन् भने दूरदराजमा रहेका नारी हरेक दिन हिंसाको भारी बोकेर हिँड्छन्। महिला अधिकार र समानताका नारा दूरदराजका महिलाको कानमा कहिले गुन्जिएला र अलिकति भए पनि अघि बढ्न सक्लान् ?

हरेक वर्ष दिवस मनाइरहँदा महिला समानताको अवस्थालाई नजिकबाट नियाल्ने हो भने खै कहाँ छ समानता ? यो अहिलेको आम प्रश्न हो। कि औपचारिक कार्यक्रम मात्रै गरेर समानता आउँछ? व्यवहारत: जबसम्म समानता र हिंसारहित समाज निर्माणको परिकल्पना आउँदैन तबसम्म महिलाको अवस्था फेरिन मुस्किल हुन्छ नै।

वर्तमान अवस्थामा समानताको त कुरै छोडौं, घरबाहिर निस्कनसमेत नेपाली महिला असुरक्षित महसुस गर्ने गर्छन्। महिलाको पहिलो आधारभूत कुरा नै आफ्नो सुरक्षा हो तर त्यही सुरक्षा महसुस नगरेका महिलाले कहिले पुरुषसरह समान अवसरमा पुग्न सक्लान् ?

संविधानले नै ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित गरेको छ। तर हरेक क्षेत्रमा ३३ प्रतिशत सहभागिता नै पुग्न हम्मेहम्मे परिरहेको हुन्छ, अब कसरी समान सहभागिता हुन सक्छ ? समान सहभागिता हुन ५० प्रतिशत सहभागिता संविधानमा सुनिश्चित हुनुपऱ्यो अनि कानुनी रूपमा महिला समानताका लागि कानुनले नै सहयोग गऱ्यो भनेर भन्न सकियो।

जब संविधानले नै महिला सहभागितालाई ३३ प्रतिशतमा खुम्च्याइदिएको छ अनि महिला समानताका कुरा गरेर मात्रै सहभागिता हुन सक्दैन भन्न सकिन्छ। संविधानले व्यवस्था गरेको ३३ प्रतिशत सहभागिता नै हामी पुग्न सकेनौँ भने समानताका नारा महिला दिवसमा मात्रै गुन्जिएर व्यवहारत: होला? महिला दिवस मनाउँदै गर्दा खड्किने प्रश्न यही हो। महिला समानता त धेरैपछिको कुरा हो किनभने महिलाले उनीहरूका लागि आधारभूत कुराहरू नै पाउन सकिरहेका छैनन्।-उज्यालो

प्रो. सन्तोष अधिकारी
९८५११०८८७८
सु-समर्पण कम्प्युटर एण्ड मोबाइल शप
नीलकण्ठ न.पा.-३, बीचबजार, धादिङ
सम्पर्क : ९८५११०८८७८, ९८५११२०९१८
नयाँ पुराना, Desktop Computer, Laptop, C.C. Camera, Printer, UPS, मोबाइल बिक्री तथा मर्मत, UPS जडान, Toner Refill लगायत सम्पूर्ण कार्यका लागि सम्झनुहोस्।
शाखा पसल : प्रतिक इम्पेक्स, गजुरी सम्पर्क : ९८४९२७८९४५

प्रो. गोकुल न्यौपाने
९८४१०३८७३९
प्रिन्सु इन्टरप्राइजेज
नीलकण्ठ न.पा.-३, शान्तबजार, धादिङ
सम्पर्क : ९८४१०३८७३९, ९८६९६१६७४७
निर्माणका लागि आवश्यक पर्ने छड, सिमेन्ट, टायल, मार्बल, पाइप, P.P.R., P.P. VC, नेपाटपका सम्पूर्ण फिटिङ र पाइपहरु, मोटर कम्बोड, वासटब, धाराका सम्पूर्ण सामानहरु पाइन्छ।

प्रो. देबराज अछामी
मो. (९८६६०७७७९६,९८१३२७८१७८)
अछामी ईलेक्ट्रोनिक्स एण्ड गिफ्ट पसल
हाम्रा सेवाहरु
सम्पुर्ण ईलेक्ट्रोनिक्सका सामानहरु, घडि, रेडियो, मोबाईल बिक्री तथा सम्पुर्ण ईलेक्ट्रोनिक्स सामानहरु मर्मत गरिनुका साथै गिफ्ट आईटमका सम्पुर्ण सामानहरु पाइन्छ।
सिद्धलेक गा.पा.-२, ठाटीभञ्ज्याङ